# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, साउन ६ गते २०४३ साल (संख्या १५

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड २७ मिति २०३४ साल कार्तिक १५ गते संख्या २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना अनुसार गठन गरेको नेपाल गुणस्तर निर्धारण समितिलाई विघटन गरेको छ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको परिच्छेद २ को दफा ३ देहायका जिल्लाहरूमा २०४३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

(१) पर्वत (२) अर्घाखाँची (३) दार्चुला

आज्ञाले,

जीवनलाल सत्याल

श्री ५ को सरकारको का. मु. सचिव

४२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।